REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs Date: 17.01.2024

आकाशवाणी गान्तोक हो।

## CM discussion-Key Investors

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज आफ्नो सरकारी निवासमा प्रमुख लगानीकर्ता र अधिकारीहरूसँग सिक्किमको विकासलाई विभिन्न क्षेत्रहरूमा अगाडि बढाउने उद्देश्यका परिवर्तनकारी पहलहरूसम्बन्धी छलफलमा भाग लिनुभयो। उहाँले आफ्नो आधिकारिक सामाजिक सञ्जाल पोस्टमा भन्नुभएको छ, इन्डिया टुडेका वरिष्ठ अधिकारीहरूसँगको महत्त्वपूर्ण बैठकमा हामीले सिक्किम भारतमा एकीकरण भएको 50 वर्ष पूरा भएका सम्झनामा संयुक्त पहलको खोजी गऱ्यौं। यो पहल सिक्किमलाई यसको अद्वितीय सांस्कृतिक र प्राकृतिक सम्पदालाई महत्त्व दिँदै, एक प्रमुख विश्वव्यापी पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न केन्द्रित रहनेछ। टाटा स्टिलको सहायक कम्पनी JUSCO लिमिटेडको प्रतिनिधिमण्डलसँग विश्वस्तरीय नगरपालिका सेवाहरू प्रदान गर्न गान्तोक नगर निगमसँगको सहकार्यबारे छलफल भएको छ। अम्बुजा नेओटिया समूहसँग ताज गुरस कुटीर ब्रान्डलाई सिक्किममा विस्तार गर्नेबारे छलफल भयो। त्यसै गरी, ईफ्रा/किमा-का डा. बलविन्दरसँगको फलदायी बैठक मूल्य अभिवृद्धि पहलहरूमार्फत स्थानीय किसानहरूलाई सशक्त बनाउन अनि पानी, खाद्यन्य र औषधिको गुणस्तर परीक्षणमा सिक्किमको क्षमता अभिवृद्धि गर्नमा केन्द्रित रह्यो। मुख्यमन्त्रीले यी सहयोगी प्रयासहरू सिक्किमको दीर्घकालीन समृद्धिमा योगदान पुऱ्याउँदै पर्यटन, आतिथ्य, कृषि र शहरी विकासमा उल्लेखनीय प्रगति गर्न तयार रहेको बताउनुभयो।

## Sarathi-ASHA Workers

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको दृष्टि-अन्तर्गत, सिक्किमलाई "लागुपदार्थ लतमुक्त र मानसिक रूपमा स्वस्थ" बनाउन सारथी वान पोइन्ट जिरो-ले पाकिममा 117 आशाकर्मीहरूका लागि एकदिने प्रशिक्षण कार्यक्रम आयोजित गऱ्यो। पाकिम प्राथमिक स्वास्थ्य केन्द्रका कुल 28 आशाकर्मीलाई सारथी वान पोइन्ट जिरो मोड्युलमा तालिम दिइएको छ। यसको उद्देश्य लागुपदार्थको लत र मानसिक स्वास्थ्य समस्या समाधानका लागि जागरूकता बढाउनु र आवश्यक सीपहरू प्रदान गर्नु रहेको थियो। सहभागीहरूलाई आफ्ना समुदायभित्रका समस्याहरूलाई प्रभावकारी रूपमा पहिचान गरी समाधान गर्न आवश्यक सीपहरू प्रदान गरिनेछ। यो तालिम मोड्युलले विद्यालयमा लागू पदार्थ दुरुपयोगको न्यूनीकरण, सामुदायिक स्तर र मानसिक स्वास्थ्यको प्रवर्धन, अनि नैतिक मूल्य-मान्यताको प्रवर्धन सम्बन्धी विषयहरूलाई समेटेको थियो। तालिममा सामूहिक छलफल र व्यावहारिक गतिविधिहरू पनि समावेश गरिएका थिए।

## Gyalshing Dist. Admin visits Acc site

गेजिङ जिल्ला प्रशासनको टोलीले आज बिहान भएको दुर्घटनास्थलको भ्रमण गरेको छ। यस दुर्घटनामा गेजिङ जिल्लाका पाँच बासिन्दाको ज्यान गएको छ। टोलीमा मन्त्री एवं क्षेत्र विधायक श्री टीटी भोटिया, जिल्लापाल गेजिङ, एसपी गेजिङ, एसडीएम योक्सम, बीडीओ चोङराङ, पञ्चायतहरू र अन्य सम्बन्धित अधिकारीहरू रहेका थिए। यो भीषण कार दुर्घटना गेरेथाङबाट 1 किलोमिटर अगाडि टाशिडिङतर्फका तिन्जिरिङमा भएको थियो। यस सन्दर्भमा जिल्लापालले यो दुर्घटना प्राकृतिक प्रकोपका रूपमा पुष्टि नभएकाले कुनै

अनुग्रह राशि भुक्तानी नगरिने प्रस्ट पार्नुभयो। यो मामिला भारतीय मोटर वाहन नियमको प्रावधान अन्तर्गत पर्दछ र आवश्यक कानुनी प्रक्रिया मार्फत यसको हल गरिनेछ।

CM-Dharma Chakra Meet

रूम्तेक धर्मचक्र केन्द्रका सदस्यहरूले आज मुख्यमन्त्री श्री प्रेमसिङ तामाङलाई उहाँको सरकारी निवासमा भेट गरे। सदस्यहरूले मुख्यमन्त्रीलाई धर्मचक्र केन्द्रमा अर्को महिना हुने बहुप्रतीक्षित वार्षिक परम्परागत महाकाल अनुष्ठान नृत्य, "गर्चेन गुटोर चेन्मो चाम" मा उपस्थित हुन निमन्त्रणा दिएका छन्। मुख्यमन्त्रीले भन्नुभयो, म उहाँहरूको न्यानो निमन्त्रणाको गहिरो कदर गर्दछु अनि यस पवित्र र महत्त्वपूर्ण अवसरमा सहभागी हुन उत्सुक छु।

Footbal-Maghey Mela

जोरथाङ माघे मेलाका अवसरमा सम्पन्न भइरहेको दसौँ अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल टर्नामेन्ट 2025-को पहिलो सेमिफाइनल खेल आज चर्च बोइज नेपाल र इन्टरनेशनल एफसी पंजाबबीच सम्पन्न भयो। ट्राइब्रेकरमा चर्च बोइज नेपाल विजय बनी फाइनलमा प्रवेश गरेको छ। समारोहमा लोकसभा सांसद श्री इन्द्र हाङ सुब्बा र मन्त्री श्री भीमहाङ सुब्बा उपस्थित हुनुहुन्थ्यो। त्यसरी नै, सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागद्वारा आयोजित अन्तर-जिल्ला खुल्ला महिला फुटबल प्रतियोगिताको दोस्रो सेमिफाइनल खेल पनि सम्पन्न भयो। यो दोस्रो सेमिफाइनल खेल सोरेङ र मङ्गन जिल्लाबीच भएको थियो। सोरेङ जिल्ला 1-0 गोल अन्तरले विजयी बन्यो। विजेता टोलीकी मिनु हाङमा लिम्बुले प्लेयर अफ दि म्याचको उपाधि हात पारिन्। कार्यक्रममा मुख्य अतिथि र सम्मानित अतिथिहरूलाई सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागबाट स्मृतिचिन्ह पनि प्रदान गरियो।

आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।